# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिलातथा सामान्यप्रशासनमहा-निर्देशनालय**

पत्र संख्या: २०७५।७६

मिति:२०७५।१२।११

श्री अध्यक्षज्यू,
पटेर्वा सुगौलीगाउँपालिका,
पर्सा ।

विषय:**लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट पटेर्वा सुगौलीगाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएकावित्तीयविवरण र सोसँग सम्बन्धितकागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीयविवरण उपर व्यवस्थापनपक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधिनियमावली, २०६४ तथाप्रचलितकानूनतथाअभ्यास अनुरुप लेखा राख्ने र राख्नलगाउने, लेखाविवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनपक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुतवित्तीयविवरणहरु उपर लेखापरीक्षणको आधारमा रायव्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथामहालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्यमार्गदर्शन तथाअन्यप्रचलितकानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममाप्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण रायव्यक्त गर्ने आधार उपलब्ध गराउनपर्याप्त र उपयुक्त छन् भन्ने कुरामाकार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण रायव्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण रायव्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.६८ लाख ३४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४ लाख ७३ हजार, नियमित गर्नुपर्ने रु.२ लाख ९१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२० लाख २८ हजार र पेश्की रु.४० लाख ४२ हजार रहेको छ ।

२. आम्दानीतथाखर्चको स्रेस्तानगदमाआधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्तितथादायित्वयकिनहुन सकेन ।

३. लेखापरीक्षणमा देखिएकाव्यहोराहरुका सम्बन्धमामिति २०७५।९।१० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना १२ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायवमहालेखापरीक्षक

# पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय, पर्सा

## आर्थिक बर्ष:२०७४/०७५

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न पटेर्वा सुगौली गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी गाउँपालिकालाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । प्रदेश २ अन्तर्गत पर्सा जिल्लामा अवस्थित यो गाउँपाालिकाको ९ वटा वडाहरु रहेका छन् ।

संचितकोषको एकिकृत आय व्यय विवरण

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | **५४५८००४.११** | १ | **चालु खर्च** | | १२३१२६४०४.६५ |
| २ | **राजस्व (आन्तरिक आय)** | | **१९५६८५४.५५** | | कोष चालु खर्च | १८६४८६०४.६५ | |
| | आन्तरिक राजस्व | ३६५७०३.०० | | | शसर्त अनुदान खर्च | ६३६७४०५७.३७ | |
| | अन्य आय | १५९११५१.५५ | | | एल जि सि डि पि चालु | २८२०००.०० | |
| ३ | **वित्तीय हस्तान्तरण** | | **२५४५१००००.००** | | बहुक्षेत्रीय पोषण खर्च | १०६००००.०० | |
| | वित्तीय समानीकरण अनुदान | १५१५३६०००.०० | | | सामाजिक सुरक्षा | २६८८१०००.०० | |
| | सशर्त अनुदान | ७१२४४०००.०० | | | कोलेनिका फिर्ता खर्च | १२५८०७४२.६३ | |
| | एल जि सि डि पि चालु | २८२०००.०० | | २ | **पुंजीगत खर्च** | | ७२४४४३९५.०० |
| | एल जि सि डि पि पुँजीगत | ६०००००.०० | | | कोष पुँजीगत खर्च | ७१८४४३९५.०० | |
| | बहुक्षेत्रीय पोषण | १३७७०००.०० | | | एल जिसिडिपी पुँजीगत | ६०००००.०० | |
| | सामाजिक सुरक्षा | २९४७१०००.०० | | ३ | **मौज्दात** | | **६६४३९४६४.०१** |
| ४ | **यो वर्षको धरौटी आम्दानी** | | **८५४०५.००** | | संचित कोष | ६६४३९४६४.०१ | |
| | | **जम्मा** | **२६२०१०२६३.६६** | | | **जम्मा** | **२६२०१०२६३.६६** |

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

| दफा | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै र स्थानीय सरकारको रुपमा कार्य संचालन गर्न पटेर्वा सुगौली गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । २ नं. प्रदेशमा अवस्थित यस पटेर्वा सुगौलीगाउँपालिका अन्तर्गत ५ वटा वडा रहेका छन् । | |
| | उपरोक्त आर्थिक कारोवारहरुको पेश भएसम्मको स्रेस्ता र प्राप्त आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मूल्यांकन तथा स्वीकृत लेखापरीक्षण योजना वमोजिम लेखापरीक्षणको उद्देश्य प्राप्तीका लागि जोखिम विश्लेषण, नमूना छनौट र लिखित प्रतिनिधित्वपत्रको आधारमा लेखापरीक्षण नीति, मानदण्ड, मार्गदर्शन, निर्देशन, एवं व्यावसायिक लेखापरीक्षणका असल अभ्यासका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षमा रहेको छ । नमूना छनौटको माध्यमबाट लेखापरीक्षण गर्दा देखिएका व्यहोराका सम्वन्धमा कार्यालयका सम्वन्धित पदाधिकारीहरुसंग मस्यौदा प्रतिवेदन उपर मिति २०७५।०९।८ मा छलफल गरी कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन् | |
| १. | **वजेट पेश गर्ने तथा पारित गर्ने** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र पारित गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले यो वर्ष आषाढ ३२ गते वजेट स्वीकृत गरेको छ । कानूनले तोकेको अवधिभित्र गाउँपालिकाले राजस्व र व्ययको अनुमान पारित गर्न विशेष ध्यान दिनु पर्दछ । | |
| २. | **वित्तीय जवाफदेहिता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(१) मा प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी वित्तीय जवाफदेहिता बहन गर्नु पर्ने देखिन्छ । यसैसाथ सँलग्न अनुसुची १ मा उल्लेखित वित्तिय जवाफदेहिताका सुचकको आधारमा कार्यालयको वित्तीय जवाफदेहिताको स्थिति मुल्याँकन गर्दा संगठन संरचना तथा कार्यविवरण तथा कार्यजिम्मेवारी स्वीकृत नभएको, आन्तरिक नियन्त्रण प्रणाली स्वीकृत नगरेको, बेरुजु लगत तथा फछ्र्यौट स्थिति न्यून रहेको, नागरिक वडापत्र तथा सेवा प्रवाहको गुणस्तरीयता अभिबृद्धिको उपाय अवलम्वनमा कमजोर रहेको कारण ग्रेड C रह्यो । अतः वित्तीय जवाफदेहिताका मुख्य पक्षहरु व्यवस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाह तथा खरिद व्यवस्थापनमा विशेष ध्यान दिंदै वित्तीय जवाफदेहिताका सूचक पूरा गर्न कार्यालयले थप प्रयत्न गर्नुपर्ने देखिन्छ । | |
| ३. | **मध्यकालिन खर्च संरचना :** अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्रभित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने यस्तो विधि कार्यान्वयनमा ल्याएको छैन । खासगरी स्रोत छर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लाभलागत विश्लेषण गरी लागत प्रभावकारी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनु पर्दछ । | |
| ४. | **श्रोत अनुमान तथा वजेट सीमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, | |

| | | |
|---|---|---|
| | वजेटको क्षेत्रगत सीमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत वजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने र गाउँ कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा त्यसो गरेको देखिएन । नियमको पालनामा सम्वन्धित पदाधिकारीको ध्यान जानु पर्दछ । | |
| ५. | **वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादम्यता तथा परिपूरकता कायम गर्ने व्यवस्था छ । यो गाउँपालिकाले सो समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम तर्जुमा गरेतापनि कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमवीच परिपूरकता कायम गरेको नपाइएकोले सो सम्बन्धमा उचित ध्यान दिनु जरुरी छ । | |
| ६. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा प्रोफाईल तयार गर्नुपर्नेमा व्यवस्थित ढंगबाट संम्पूर्ण विवरण खुल्ने गरी त्यस्तो श्रोत  नक्सांकन वा प्रोफाइल तयार गरेको पाईएन । | |
| ७. | **स्थानीय तथ्यांक र अभिलेख**ः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याँक संकलन, स्थानीय अभिलेख व्यवस्थापन, विपद व्यवस्थापन जस्ता काम, कर्तव्य र अधिकारहरुको व्यवस्था रहेको छ । यस गाउँपालिकाले उल्लेखित विषयहरुको उपयुक्त नीति, कानून, कार्यविधि र सोको मापदण्ड बनाई कार्यान्वयन गरेको पाइएन । स्थानीय तहको वजेट, योजना तथा कार्यक्रमको तर्जुमा, स्थानीय स्रोतसाधनको परिचालन, कियाकलापहरुको प्राथमिकीकरण गर्न स्थानीय तथ्यांक तथा अभिलेखको महत्वपूर्ण भूमिका रहेको हुन्छ । स्थानीय तथ्यांक तथा अभिलेख व्यवस्थापनमा गाउँपालिकाले विशेष ध्यान दिनु पर्दछ । साथै गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता वितरणको लागी लाभग्राहीको अभिलेख अद्यावधिक गरी राख्ने गरेको छैन । | |
| ८. | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । गाउँपालिकाले सञ्चालन गरेका कार्यक्रमको प्रगति विवरण तयार गरेको देखिएन । यसबाट कार्यक्रम कार्यान्वयनको स्थिति मूल्यांकन गर्न सकिएन । गाउँपालिकाले तोकिएको ढाँचामा लक्ष्य तथा प्रगति तयार गर्नुपर्दछ । | |
| ९. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा  ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ  । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट, सवारीसाधन र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन भने घरजग्गाको लगत समेत तयार गरेको छैन साथै साविक गा.वि.स. तथा हालका वडा कार्यालयहरुको जिन्सी सामान समेत आम्दानी बाँधेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| १०. | **न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको व्यवस्था रहेको छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष गाउँपालिकाले न्यायिक समिति गठन गरेकोमा ५० वटा मुद्दा दर्ता भई २१ वटाको फछ्र्यौट गरेको छ भने २९ वटा मुद्दा फैसला हुन वाँकी देखिन्छ । | |
| ११. | **सेवा प्रवाह स्थिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा गाउँपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । गाउँपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो, नाता प्रमाणित, पञ्जिकरणको तथ्यांक तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस गाउँपालिकामा वडाबाट सम्पादित सेवा प्रवाको तथ्यांक तथा अभिलेख राखेको तथा त्यसको प्रभावकारिताको सम्वन्धमा अनुगमन तथा मूल्यांकन गरेको देखिएन । स्थानीय सेवा प्रवाहको सम्वन्धमा गाउँपालिकालाई जिम्मेवार तथा जवाफदेही बनाउनु पर्दछ । | |
| १२. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा | |

| | | |
|---|---|---|
| | थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेको देखिएको हुँदा गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १३. | **चौमासिक खर्च** :आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण यो वर्ष पूँजीगत शीर्षकमा रु.७२४४४३९५। खर्च रहेकोमा प्रथम चौमासिकमा २.६६ प्रतिशत, दोश्रो चौमासिकमा १.४४ प्रतिशत र तेश्रो चौमासिकमा ९५.०६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा ५९.३७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । यसतर्फ गााउँपालिकाको विशेष ध्यान जानुपर्ने देखिन्छ । | |
| १४. | **कर्मचारी व्यवस्था** :निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपूर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले दिएको विवरण अनुसार गाउँपालिकामा रहने कर्मचारी दरवन्दी २७ रहेपनि स्थायी ६ र काज १४ गरी २०को मात्र पदपुर्ति रहेको देखियो । | |
| १५. | **जिन्सी व्यवस्थापनः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४६ र ४७ मा जिन्सी व्यवस्थापन सम्वन्धमा उल्लेख छ । कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेर पेश नगरेको हुनाले जिन्सी को अवस्था सम्बन्धमा एकिन हुन सकिएन । | |
| १६. | **अवकाश पछिको निकाशाः** शिक्षा नियमावली, २०५९ को नियम १७९ मा स्वीकृत दरबन्दी भन्दा बढी शिक्षक नियुक्ती गर्ने, त्यस्ता शिक्षकलाई तलब निकासा दिने, कुनै कामको लागि आबश्यभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल गरिने उल्लेख छ । कार्यालयले यो वर्ष जनता नि मा वि पथरैयाका शिक्षक श्री गोपाल मल्लिक मिती २०७४।१०।२५ मा अवकाश लिएकोमा निजको दोश्रो चौमासिक तलव रु ८६९७१। निकाशा दिनु पर्नेमा रु १२२७८१। (दोश्रो चौमासिक पुरै) निकाशा दिएको देखिएकोले अवकाश पछिको निकाशा भएको रु ३५,८१०।- असुल गरी संघीय संचित कोषमा दाखिला हुनु पर्ने रु. | ३५८१० |
| १७. | **पाठ्यपुस्तक अनुदान :** विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन निर्देशिका २०७४ को कार्यक्रम संख्या २.१५.११ मा कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थीहरुका लागि पाठ्यपुस्तक अनुदान उपलब्ध गराउदा सम्वन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ विवरण संकलन गरी कक्षागत पाठ्यपुस्तक एकिन गर्ने र पहिलो पटक एकिन विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र निकाशा दिने र बांकी २५ प्रतिशत वैशाख वाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण ,पाठ्यपुस्तक खरिद र वितरण गरेको आधारमा नपुग हुने रकम मात्र थप निकाशा दिने उल्लेख छ । यो वर्ष कार्यालयले कक्षा १ देखि १० सम्मका २७ विद्यालयलाई पहिलो पटक पाठ्यपुस्तक वापत रु १८४६७५९। अनुदान उपलव्ध गराउँदा १०० प्रतिशत नै विद्यार्थी संख्याको गणना गरी विद्यालय खातामा निकाशा दिएको छ । अघिल्लो शैक्षिक सत्रमा भर्ना भएका विद्यार्थी संख्यालाई आधार मानेर शतप्रतिशत निकाशा दिंदा बढी निकाशा जान सक्ने हुँदा यस तर्फ कार्यालयले ध्यान दिनु पर्दछ । | |
| १८. | **बढी निकाशाः** शिक्षकहरुको तलव भत्ता विद्यालय खातामा निकाशा दिंदा विद्यालय शिक्षक किताबखानावाट पारित भएको तलव ग्रेड विद्यालयवाट प्राप्त चौमासिक माग फाराम संग भिडान गरी निकाशा दिनु पर्दछ । यो वर्ष गोश्वरा भौचर नं २ र १३ वाट आधारभूत तह (कक्षा १–८) का शिक्षकहरुको प्रथम चौमासिक तलव दशैं खर्च समेत निकाशा दिंदा देहायका विद्यालयहरुलाई चौमासिक माग फाराम उल्लेख भएको भन्दा वढी निकाशा दिएको देखिएकोले वढी निकाशा दिएको रु असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. | ५९९९५ |

| सि.नं | विद्यालयको नाम | निकाशा दिनुपर्ने | निकासा दिएको | बढी निकाशा |
|---|---|---|---|---|
| १ | ने रा मा वि सुगौली दा पु | १३३११६२ | १३३६७८८ | ५६२६ |
| २ | ने रा मा वि बेल्वा,पर्सा | ३७९११३ | ३८१५३८ | २४२५ |
| ३ | ने रा लक्ष्मनसाहचन्द्रज्योति मा वि रंगपुर | १६४८२७९ | १६५९८०२ | ११५२३ |
| ४ | ने रा प्रा वि देउरिया,विर्ता | ४३०५२५ | ४३५१२१ | ४५९६ |
| ५ | ने रा प्रा वि मनिहर्वा | ४९३९६३ | ४९६७८८ | २८२५ |

| | | | | |
|---|---|---|---|---|
| ६ | ने रा प्रा वि वैद्यनाथपुर | ६६८६८१ | ६७४१४० | ५४५९ |
| ५ | ने रा प्रा वि लक्ष्मीपुर गादी | ७२३६६३ | ७२७२८८ | ३६२५ |
| ६ | ने रा प्रा वि उत्तरबारी पटेवासुगौली | ३७९११३ | ३८१५३८ | २४२५ |
| ७ | ने रा प्रा वि अकवा | ३४५३५० | ३४६६३० | १२८० |
| ८ | ने रा प्रा वि रामपुर पर्सा | २९६१३३ | २९८३९५ | २२६२ |
| ९ | जनता नि मा वि पथरैया | ६२६४६२ | ६३०७१३ | ४२५१ |
| १० | वनदेवि प्रा वि भतौडा | १४९४१२ | १५१०३८ | १६२६ |
| ११ | ने रा प्रा वि कन्चनपुर बैरिया | ७७५०७५ | ७८०८७१ | ५७९६ |
| १२ | ने रा नि मा वि पटेर्वा | ७४१३१२ | ७४५९६३ | ४६५१ |
| १३ | गादीमाई प्रा वि पश्चिम देकुली | १४९४१२ | १५१०३७ | १६२५ |
| | **जम्मा** | **९१३७६५५** | **९१९७६५०** | **५९९९५** |

१९. **विद्यालयको लेखापरीक्षण:** विद्यालय क्षेत्र विकाश कार्यक्रम कार्यान्वयन निर्देशिका २०७४ को कार्यक्रम संख्या २.१५.११ अनुसार सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण, विद्यार्थी रिपोर्ट, विद्यालय तथ्यांकन व्यवस्थापन, बुलेटिन प्रकाशन लगायत क्रियाकलाप सञ्चालन गर्न आधारभुत तहका २१ विद्यालयहरुलाई रु १००००। का दरले जम्मा रु २१०,०००। र माध्यामिक तहका ३ विद्यालयहरुलाई १५,०००। का दरले जम्मा रु.४५०००। समेत गरी कुल जम्मा रु २५५०००। निकाशा दिएकोमा सामाजिक तथा आर्थिक लेखापरीक्षण गरी प्रतिवेदन दिएको देखिएन । निर्देशिकामा व्यवस्था भए बमोजिम विद्यालयहरुको आर्थिक तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन पेश हुनु पर्दछ । २५५०००

२०. **स्रोतमा कर कट्टी :** आयकर ऐन २०५८ को दफा ८८ (१) मा बासिन्दाव्यक्तिलेनेपालमा स्रोत भएको भाडा, सेवाशुल्कभुक्तानीगर्दा स्रोतमा कर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । सि अ हे व श्री जगन्नाथ साहको पेश्की पेश्की फछ्र्यौटमा स्वास्थ्य संस्था सम्म औषधी,भ्याक्सिनलगायतका सामाग्री ट्याक्टर भाडामा लिइ ढुवानी गरेको रु ५६००० भरपाई संलग्न गरेकोमा १० प्रतिशतले हुने रु. ५६००। अग्रिम कर कटाई भुक्तानी गर्नुपर्नेमा सो नगरेकोले उक्त रकम असुल हुनु पर्दछ । ५६००

२१. **पेश्की फछ्र्यौट:**आर्थिक कार्यविधिनियमावली २०६४ को नियम ३६(३) मा विलभर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहायतकाशर्त तफको कार्यक्रमहरुको पेश्की फछ्र्यौट तथा सोधभर्ना भुक्तानी गर्दा विल भर्पाई तथा कागजात भन्दा वढीको जम्मा रु.२९६१३। को वढी फछ्र्यौट गरेको रकम असुल गरी केन्द्रिय संचित कोषमा दाखिला गर्नु पर्दछ ।

| गो.भौ.नं/ मिति | नाम थर | कार्यक्रम | विल भरपाई रकम | पेश्की फछ्र्यौट र शोधभर्ना रकम | विल भरपाई भन्दा वढी |
|---|---|---|---|---|---|
| ८५-२०७५/३/३२ | सि अ हे व भुजेन्द्र प्रसाद यादव | किशोरी पोषण लक्षित कार्य | ३९६९५० | ४००००० | ३०५० |
| ८२-२०७५/३/३२ | सि अ हे व जगन्नाथ साह | कुष्टरोग निवारण कार्यक्रम | ४७३४३७ | ५००००० | २६५६३ |
| | **जम्मा** | | **८७०३८७** | **९०००००** | **२९६१३** |

२९६१३

२२. **कर्मचारी तथा पदाधिकारी पेश्की :** आर्थिक प्रशासन नियमावली २०६४ को नियम ७८ मा अनुसार आर्थिक वर्षभित्र फछ्र्यौट गर्ने गरी कसैलाई पेश्की उपलव्ध गराउन सकिने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष देहाय बमोजिम विभिन्न कार्यको लागि जम्मा रु. २०७०००। पेश्की उपलव्ध गराएकोमा लेखापरीक्षण अवधिसम्म फछ्र्यौट गरेको देखिएन । तोकिएको अवधिभित्रै पेश्की फछ्र्यौट गर्नु पर्ने रु.

| सि. नं. | कर्मचारी तथा पदाधिकारी नाम | प्रयोजन | रकम रु. |
|---|---|---|---|
| १ | सि अ हे व जगन्नाथ साह | सशर्त तर्फको स्वास्थ्य ईकाईको कार्यक्रम | २००००० |
| २ | सि अ हे व भुजेन्द्र प्रसाद यादव | सशर्त तर्फको स्वास्थ्य इकाईको कार्यक्रम | ७००० |
| | | **जम्मा** | **२०७०००** |

२०७०००

२३. **सामाजिक सुरक्षा :** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त शसर्त अनुदानको रकम

| | | |
|---|---|---|
| | मध्ये खर्च नभई बाँकी रहेमा संघिय संचितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले यो वर्ष सामाजिक सुरक्षा अर्न्तगत विभिन्न भौचरहरुबाट पेश्की फछ्र्यौट गर्दा बाँकी रहेको रकम रु.४९९८००।०० संघीय संञ्चित कोषमा फिर्ता पठाउनुपर्नेमा स्थानीय तहको संञ्चित कोषमा दाखिला गरेकोले सो रकम संघीय संञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | ४९९८००.०० |
| २४. | **औषधीको माग विश्लेषण :** नेपाल स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम –२ आयोजना प्रतिवेदन अनुसार अत्यावश्यक स्वास्थ्य सेवा सबै प्राथमिक स्वास्थ्य केन्द, स्वास्थ्य चौकीमा निःशुल्क प्रदान गर्ने व्यवस्था रहेको र प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखा अन्तर्गत सञ्चालन हुने कार्यक्रम निर्देशिकामा मौज्दात स्थिति, आवश्यकता तथा विपद् व्यवस्थापन, औषत मौज्दात स्तर, आकस्मिक आदेश स्तर,आकस्मिक माग स्तर, औषधि प्राप्त हुने र वितरण समय, उच्चतम माग,उच्चतम खपत र न्यूनतम खपतसमेतलाइं आधारमानी आवश्यकता पहिचान गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले आफैले खरिद गरेका औषधीहरुको आवश्यक परिमाण र दर विश्लेषण गरेको छैन । | |
| २५. | **अग्रिम कर कट्टी र दाखिला:** आयकर ऐन २०५८ को दफा ८७, ८८ र ८९ अनुसार क्रमश पारिश्रमिक कर १५ प्रतिशत, बहाल कर १० प्रतिशत र अग्रिम आयकर १.५ प्रतिशत कट्टा गर्नुपर्ने व्यवस्था छ । देहायका व.शि.नं.हरुमा देहाय बमोजिमको भुक्तानी गर्दा अग्रिम कर कट्टा गरेको देखिएन । कार्यालयले ऐनको प्रावधान वमोजिम लाग्ने उपरोक्त कर असुल गर्नुपर्ने रु.३५९५५/– | ३५९५५ |

| ब.उ.शी.नं. | भौ.नं. र मिति | पेश्की लिने | कार्यक्रम | भुक्तानी रकम | कर रकम | करको प्रकृति |
|---|---|---|---|---|---|---|
| वहुक्षेत्रीय पोषण कार्यक्रम | १०-२०७५/३/३२ | राम प्रसाद यादव | कुखुरा र दाना खरीद (अशोक सप्लायर्स) | ४८६७२०.०० | ७३००.०० | अग्रिम आयकर (१.५ प्रतिशत) |
| ८०१६३४३० | ३१५-२०७५/३/२२ | | साउण्ड सिस्टम भाडामा लिएको (मनोकामना डिजे साउण्ड सिस्टम) | १५०००.०० | १५००.०० | १० प्रतिशत भाडा कर |
| ,, | ३१७-२०७५/३/२२ | | साउण्ड सिस्टम भाडामा लिएको (नेपाल साउण्ड सिस्टम) | १५०००.०० | १५००.०० | १० प्रतिशत भाडा कर |
| ,, | ३१७-२०७५/३/२२ | कैलाश पण्डितको पे( फ( | प्रकाश फलफुल बागवानी नर्सरी रौतहट<br>• विरुवा खरीद<br>• ढुवानी | २५७५००.००<br>५१५००.०० | ३८६३.००<br>५१५०.०० | अग्रिम आयकर (१.५ प्रतिशत) र १० प्रतिशत ढुवानी कर |
| ,, | ३०७-२०७५/३/३२ | | खुस्बु तरकारी मलखाद्य तथा बिज भण्डार (तरकारी वीउ र मलखाद्य खरीद) | १७२०००.०० | २५८०.०० | अग्रिम आयकर (१.५ प्रतिशत) |
| ,, | ३०८-२०७५/३/३२ | | सासुवुहारी अनुशिक्षण कार्यक्रम (प्रशिक्षक भत्ता) | ४५००.०० | ६७५.०० | १५ प्रतिशत पारिश्रमिक कर |
| वित्तीय समानिकरण (चालु) | २१६-२०७५/३/१५ | | पदाधिकारी बैठक भत्ता (वडा नम्बर ३) (वैशाख देखि आषाढ सम्मको) | ८१०००.०० | १२१५०.०० | १५ प्रतिशत पारिश्रमिक कर |
| ,, | २०८-२०७५/३/२४ | | पदाधिकारी बैठक भत्ता (वडा नम्बर १) (माघ देखि आषाढ सम्मको) | १३७७००.०० | २०५५०.०० | १५ प्रतिशत पारिश्रमिक कर |
| | | | | जम्मा | ३५९५५ | |

| | | |
|---|---|---|
| २६. | **जिन्सी दाखिला र हस्तान्तरण:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ (१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने उल्लेख छ । यो वर्ष कार्यालयले देहायका कार्यक्रमबाट देहाय बमोजिम शैक्षिक सामाग्री खरीद गरेकोमा हस्तान्तरण गरेको भपाई पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | ३९३०००.०० |

| ब.उ.शी.नं. | भौ.नं. र | कार्यक्रम | सामाग्री | रकम | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | मिति | | | | |
| ८०१६३४३० | ३२१-०७५/३/३२ | दलित पिछडा वर्गका लागी सामग्री खरीद | स्कुल व्याग, डटपेन, सिशाकलम, इरेजर, कपि (प्रत्येक सामाग्री २०० थान ) | ३९३०००.०० | हस्तान्तरण भर्पाइ नरहेको |
| | | | जम्मा | ३९३०००.०० | |

२७. **व.शि.नं.८०१६३४३० भौ.नं.३१२ मिति २०७५।३।३२:**
**ग्रिनहाउस निर्माण :**आर्थिक कार्यविधिनियमावली २०६४ को नियम ३६(३) मा विलभर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष उमेश प्रसाद राउतको अन्य सार्वजनिक निर्माण पेश्की फछ्र्यौट गर्दा ग्रिन हाउस निर्माण गरेको भनि इन्सेक्ट नेट, बाँस लगायतका सामाग्री खरीद गरेको र डोरहाजिरमा काम गरेको भनि श्रमिकको ज्याला लगायतमा रु.३०००००।०० भुक्तानी गरेको छ । उक्त ग्रिन हाउसको निर्माण गर्दा के कति सामाग्री लाग्ने र कति रकम खर्च हुने भनि लागत अनुमान बनाएको छैन भने उक्त ग्रिन हाउन निर्माण भएको नापी किताव र कार्यसम्पन्न विवरण समेत पेश गरेको छैन । साथै उक्त ग्रिन हाउस निर्माणको कार्य उपभोक्ता समिति मार्फतनभएले कुन स्थानमा निर्माण भएको र कसलाई हस्तान्तरण भै कसले संचालन गरेको छ भनि स्पष्ट हुने कागजात सहित सो कार्यको लागत अनुमान, नापी किताव र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. ३०००००.००

२८. **व.शि.नं.८०१६३४३० भौ.नं.३१३ मिति २०७५।३।३२:**
**सरसफाई संरचनानिर्माण:** आर्थिक कार्यविधिनियमावली २०६४ को नियम ३६(३) मा विलभर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष उमेश प्रसाद राउतको पेश्की फछ्र्यौट गर्दा सरसफाई संरचना निर्माण गर्न भनि गिटी खरीद र श्रमिक ज्याला बापत रु.१५००००।०० खर्च लेखेकोमा के संरचना निर्माण भएको, संरचना कहाँ निर्माण भएको र सो संरचना कसलाई हस्तान्तरण भएको हो सो स्पष्ट खुल्ने कागजात सहति सो को लागत अनुमान तथा कार्यसम्पन्न समेत पेश हुनुपर्ने रु. १५००००.००

२९. **व.शि.नं.८०१६३४३० भौ.नं.२७९ मिति २०७५।३।२६:**
**प्रोत्साहन भत्ता :** नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचालन खर्च पाउने व्यवस्था छ । कार्यालयले यो वर्ष व.शि.नं. ८०१६३४३० बाट ९ कर्मचारीहरुलाई तलवको २५ प्रतिशतका दरले प्रोत्साहन भत्तामा रु.२५०३३१।०० खर्च लेखेको छ । कार्यालयले मिति २०७४।१०।२२ को परिषदको निर्णयले उक्त भत्ता भुक्तानी दिएको जनाएको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी प्रोत्साहन भत्ता भुक्तानी भएको हो सो सम्बन्धमा एकिन हुन सकिएन । स्पष्ट आधार एवं कार्यविधि विना तथा नियमावलीमा स्पष्ट उल्लेख गरेभन्दा फरक कार्यमा खर्च लेखेको नियमसम्मत नदेखिएको रु. २५०३३१.००

३०. **विना प्रतिस्पर्धा खरिद :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुका पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा वढी सोझै खरिद गर्न नहुने उल्लेख छ । कार्यालयले आ.व. ०७४/७५ मा देहाय बमोजिम रु. **१२१९६००।००** को सवारी साधन सोझै खरीद गरेको छ ।

| **गो.भौ.नं./मिति** | **आपूर्तिकर्ताको नाम** | **खरिद विवरण** | **रकम रु.** |
|---|---|---|---|
| ३०-२०७४/१२/२२ | गिन्नी एण्ड सन्स, विरगञ्ज | २ थान यामहा मोटरसाईकल खरीद | ४०५८००.०० |
| ३१-२०७४/१२/२२ | उल्लेख नभएको | १ थान सुपरस्प्लिण्डर मोटरसाईकल खरीद | ३६२०००.०० |
| ३७-२०७४/१/१० | उल्लेख नभएको | १ थान होन्डासाईन १२५ र होन्डा युनिकोर्न मोटरसाईकल खरीद | ४५१८००.०० |
| | **जम्मा** | | **१२१९६००.००** |

३१. **व.शि.नं.८०१६३४३० भौ.नं.२८२ मिति २०७५।३।२६:**
**अग्रिमभुक्तानी:**आर्थिक कार्यविधिनियमावली २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा ४०५००.००

रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कायालयले यो वर्ष गाउँपालिकाकाविभिन्न वडाका ४५ स्थानमा सौर्य सडक बत्तिको सामाग्री खरीदतथा जडान सम्बन्धिकार्यको दिप लाइट इनर्जीलाई भुक्तानीगर्दा लागतअनुमानअनुसार Civil works after sales service for 5 yearsउल्लेख भएको र सो वापत रु.१३५०००।०० को भुक्तानी ५ वर्ष पछि मात्रदिनु पर्नेमा सो रकमबीजक मा नै जोडेर अग्रिम रुपमाभुक्तानीदिएको मध्ये गाउँपालिकाको ३०% अनुपातको रकम रु.४०५००।०० असूल गर्नुपर्ने रु.

३२. **व.शि.नं.८०१६३४३० भौ.नं.२७५ मिति २०७५।३।२६:**

**शिक्षकको तलव:**आर्थिक कार्यविधिनियमावली २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कायालयले यो वर्ष नेपाल राष्ट्रिय आधारभुत विद्यालयका निजी श्रोतका शिक्षकको तलव रु.१३००००।०० भुक्तानी वापत खर्च लेखेकोमा उक्त रकम विद्यालयको खातामा जम्मा भएको भौचर पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. १३००००.००

३३. **पेश्की बाँकी :** आर्थिक प्रशासन नियमावली २०६४ को नियम ७८ मा अनुसार आर्थिक वर्षभित्र फछ्र्यौट गर्ने गरी कसैलाई पेश्की उपलव्ध गराउन सकिने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष देहाय बमोजिम विभिन्न कार्यको लागि जम्मा रु.। पेश्की उपलव्ध गराएकोमा लेखापरीक्षण अवधिसम्म फछ्र्यौट गरेको देखिएन । तोकिएको अवधिभित्रै पेश्की फछ्र्यौट गर्नु गराउनु पर्ने रु. ३४६०७४०.००

| सि. नं. | व.शि.नं. | पेश्की लिने | प्रयोजन | रकम रु. |
|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तर्फ | वडा सचिव उमेश प्रसाद राउत | ससु भत्ता वितरण | ४२९२००.०० |
| २ | ,, | वडा सचिव देवी चरण न्यौपाने | ससु भत्ता वितरण | १४८४८००.०० |
| ३ | वित्तीय समानिकरण पुंजीगत | वडा सचिव देवी चरण न्यौपाने | कार्यक्रम संचालन | ६५००००.०० |
| ४ | ,, | वडा सचिव नारायण प्रसाद आचार्य | खुला दिशामुक्त क्षेत्र | २०००००.०० |
| ५ | ,, | सि.अ.हे.व.भुजेन्द्र प्रसाद यादव | कार्यक्रम संचालन | १५००००.०० |
| ६ | वित्तीय समानिकरण चालु | कुवरी देवी थरुनी | घरभाडा | ५४६७४०.०० |
| | | | **जम्मा** | **३४६०७४०.००** |

**वेरुजु सम्परीक्षण:** गतवर्षको वेरुजु बाँकीमध्ये देहायबमोजिमका साविकगा.वि.स. तथाहालगाउँपालिकाकार्यालयबाट देहायबमोजिमको बेरुजु फछ्र्यौट गरी सम्परीक्षणको लागी अनुरोध भएअनुसार सम्परीक्षण भएको छ ।

| सि.नं. | गा.वि.स./वडा | वेरुजु दफा | अनुरोध रकम | फछ्र्यौटको व्यहोरा | सम्परीक्षण रकम |
|---|---|---|---|---|---|
| १ | शंकर सरैया/हाल वडा नं.३ | ३ | ३०६४०००.०० | सामाजिक सुरक्षा भत्ता वितरण गरेको बिल भपाई पेश | ३०६४०००.०० |
| २ | शंकर सरैया/हाल वडा नं.३ | ३ | २८९२६१०.०० | श्रेस्ता तथा बिल भपाई पेश | २८९२६१०.०० |
| ३ | शंकर सरैया/हाल वडा नं.३ | ३ | २८५०५३.०० | श्रेस्ता तथा बिल भपाई पेश | २८५०५३.०० |
| ४ | शंकर सरैया/हाल वडा नं.३ | २ | ७६०००.०० | श्रेस्ता तथा बिल भपाई पेश | ७६०००.०० |
| ५ | निचुटा/हाल वडा नं.७ | ३ | ४२२५६००.०० | श्रेस्ता तथा बिल भपाई पेश | ४२२५६००.०० |
| ६ | निचुटा/हाल वडा नं.७ | ३ | २८७५५५०.०० | श्रेस्ता तथा बिल भपाई पेश | २८७५५५०.०० |
| ७ | निचुटा/हाल वडा नं.७ | ३ | १८३०००.०० | श्रेस्ता तथा बिल भपाई पेश | १८३०००.०० |
| ८ | गादी/हाल वडा नं.२ | ३ | २७५०४००.०० | श्रेस्ता तथा बिल भपाई पेश | २७५०४००.०० |
| ९ | गादी/हाल वडा नं.२ | ३ | ३२०५४०८.०० | श्रेस्ता तथा बिल भपाई पेश | ३२०५४०८.०० |
| १० | गादी/हाल वडा नं.२ | ३ | १८३०००.०० | श्रेस्ता तथा बिल भपाई पेश | १८३०००.०० |
| ११ | पटेर्वा सुगौली/हाल वडा नं.६ | ३ | ४०५९२००.०० | सामाजिक सुरक्षा भत्ता वितरण गरेको बिल भपाई पेश | ४०५९२००.०० |
| १२ | पटेर्वा सुगौली/ हाल वडा नं.६ | ३ | ३४८२६४४.०० | श्रेस्ता तथा बिल भपाई पेश | ३४८२६४४.०० |
| १३ | पटेर्वा सुगौली/ हाल | ३ | १८३०००.०० | श्रेस्ता तथा बिल भपाई पेश | १८३०००.०० |

| | | | | |
|---|---|---|---|---|
| | वडा नं.६ | | | | |
| | | | | जम्मा | २७४६५४६५.०० |

**३४. सम्परीक्षणबाट कायमभएका वेरुजुको व्यहोराः**गतवर्षको लेखापरीक्षणबाट औल्याईएको पेश्की वेरुजु फछ्र्यौट गरी सम्परीक्षणको लागी पेश भएकोमा परीक्षण गर्दा देहायवमोजिम वेरुजु कायम गरिएको छ ।

**३४.१. पटेर्वा सुगौली वडा नं.२**

**३४.१.१. आनुपातिक कट्टी नगरेको** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ (५) (ढ) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याँकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको निम्न निर्माण कार्यको भुक्तानीमा आनुपातिक कट्टा नभई बढी भुक्तानी भएको देखियो ।

| ब.उ.शी.नं. | भौ.नं. र मिति | योजनाको नाम | लागत अनुमान | सम्झौता रकम | कार्य सम्पन्न रकम | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| साविकगा.वि.स.गादी (हाल वडा नम्बर २) | १५-२०७४/३/१५ | कल्भर्ट निर्माण उ.स. | २३१९७१ | २००००० | २२२००९ | १९१४१० | १९८२१७ | ६८०६ |
| ,, | १७-२०७४/३/१५ | सामुदायिक भवन निर्माण उ.स. | ४४४४१० | ४००००० | ३००१२२ | २७०११० | ३०००९९ | २९९८९ |
| ,, | १८-२०७४/३/१५ | जानकी मन्दिर कम्पाउण्ड निर्माण उ.स. | १७२३७१ | १००००० | १२०२३० | ७४०५१ | ९९४०० | २५३४९ |
| ,, | ४६-२०७४/३/२५ | शौचालय निर्माण उ.स. | २८५३१८ | १५०००० | १७४१८७ | ९१५७४ | १४८६०७ | ५७०३१ |
| ,, | ४६-२०७४/३/२५ | इदगाह हल निर्माण उ.स. | १५०५८७ | ११८००० | १३३३८८ | १०४५२२ | ११७१६३ | १२६४१ |
| | | | | | | | **जम्मा** | **१३१८१६** |

उपभोक्ता समिति संगको संझौता अनुसार काम गरेको मूल्याङ्कन वमोजिमको गणना नगरेवाट वढी भुक्तानी भएको छ । संझौता वमोजिम उपभोक्ता योगदानको अनुपात भन्दा वढी भुक्तानी भएको रकम रु.१३१८१६।००असुल गर्नुपर्ने रु. १३१८१६

**३४.२. पटेर्वा सुगौली वडा नं.६**

**३४.२.१. अनुपातिक कट्टी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ (५) (ढ) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याँकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको निम्न निर्माण कार्यको भुक्तानीमा आनुपातिक कट्टा नभई बढी भुक्तानी भएको देखियो । र्वजनिक खरिद नियमावली , २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याँकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय तहबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको देहायको निर्माण कार्यको भुक्तानीमा आनुपातिक कट्टा नभई बढी भुक्तानी भएको रु १३२४७२।-असुल गर्नुपर्ने रु. १३२४७२

| सि.नं. | गोश्वरा भौचर नं र मिति | योजनाको नाम | सम्झौता रकम | सम्पन्न रकम | भुक्तानी गरेको रकम | जनसहभागिता प्रतिशत | भुक्तानी गर्नुपर्ने | बढि भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | ६-०७४/२/२५ | महिला सामुदायिक भवन निर्माण कार्य | ३४३६४२ | २२४५०५ | २०००००० | ४१.७९ | १३०६६२ | ६९३३७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | १९-०७४/३/२३ | वडा नं ४ मा नाला निर्माण | २५१५५२ | २२५१४२ | २००००० | २०.४९ | १७९०१० | २०९९० |
| ३ | ५५०७४/३/२९ | ब्रम्हवावाको वाल कम्पाउण्ड निर्माण | २३७२२८ | २२२६५८ | २००००० | १५.६९ | १८७७१६ | १२८६४ |
| ४ | ५२-२०७४/३/२९ | ने रा मा वि ग्राउण्ड फिलिगं | २८१४७९ | २४०२४६ | २००००० | २८.९४ | १७०७१८ | २९२८१ |
| | | **जम्मा** | | | ६००००० | | **६६८१०६** | **१३२४७२** |

| | | |
|---|---|---|
| | उपभोक्ता समिति संगको संझौता अनुसार काम गरेको मूल्याङ्कन वमोजिमको गणना नगरेवाट वढी भुक्तानी भएको छ । संझौता वमोजिम उपभोक्ता योगदानको अनुपात भन्दा वढी भुक्तानी भएको रकम रु.१३१८१६।००असुल गर्नुपर्ने रु. | १३२४७२ |
| **३४.२.२.** | आर्थिक कार्यविधिनियमावली २०६४ को नियम ३६(३) मा विलभर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । वडा कार्यालयले साविक वडा नं ९ मा महिला सामुदायिक भवन निर्माणको लागि रु २५८२७१। लागत अनुमान तयार गरी निर्माण सामाग्रिको विल भरपाईको आधारमा उक्त महिला समुहलाई रु २०००००। भुक्तानी गरेकोमा निर्माण कार्यको नापी किताव, ठेक्का विल तथा कार्य सम्पन्न प्रतिवेदन पेश नभएको रु | २००००० |
| **३४.२.३.** | **कर्मचारी तथा पदाधिकारी पेश्की :** आर्थिक प्रशासन नियमावली २०६४ को नियम ७८ मा अनुसार आर्थिक वर्षभित्र फछ्र्यौट गर्ने गरी कसैलाई पेश्की उपलव्ध गराउन सकिने व्यवस्था रहेको छ । कार्यालयले भौ.नं ३८ मिति २०७४।३।२३ मा सामाजिक परिचालक श्री अन्त प्रसादलाई वालवालिका अध्ययन अवलोकन भ्रमणको लागि रु १९५००० । पेश्की उपलव्ध गराएकोमा लेखापरीक्षण अवधिसम्म पनि कार्यक्रम संचालन गरी पेश्की फछ्र्यौट गरेको नदेखिएकोले उक्त रकम असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु | १९५००० |
| **३४.३.** | **पटेर्वा सुगौली वडा नं.७** | |
| **३४.३.१.** | **बीलभरपाई बेगरको खर्च:**आर्थिक कार्यविधिनियमावली २०६४ को नियम ३६(३) मा विलभर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले स्वास्थ्य तर्फको आमा सुरक्षा कार्यक्रमबाट गर्भवती महिलाको लागी चेतना मुलक कार्यक्रम संचालन गरे वापत रु.१३२०००।०० खर्च लेखेकोमा रु.९००००।०० को मात्र बीलभर्पाई पेश गरेकोले बिल भपारपाई भन्दा बढी खर्च लेखेको रु.४२०००।०० असूल हुनु पर्ने रु. | ४२००० |
| **३४.३.२.** | आर्थिक कार्यविधिनियमावली २०६४ को नियम ३६(३) मा विलभर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यो वर्ष नेपाल राष्ट्रिय माद्यामिक द्यिालयको कक्षा कोठा मर्मतका लागी रु.१०००००।०० विनियोजन गरी विद्यालयलाई उपलब्ध गराएकोमा कक्षा कोठा निर्माणको प्राविधिक मूल्याङ्कन र कार्य सम्पन्न पेश नभएको रु. | १००००० |
| **३५.** | **बक्यौता लेखापरीक्षण:** गतवर्षको लेखापरीक्षणको क्रममा २०७३ फागुन २७भन्दापहिलाको श्रेस्ता पेश नभएर लेखापरीक्षण बक्यौता रहेका देहायकागा.वि.स.हरुले यो वर्षको लेखापरीक्षण डोर समक्षबक्यौताको लेखापरीक्षण हुन अनुरोध भैआएबमोजिम देहायकागाउँविकास समितहरुको बक्यौता लेखापरीक्षण गरिएको छ । | |
| **३५.१.** | गाउँविकास समितिको कार्यालय शंकर सरैया | |

आय व्यय विवरण

| गत आ.व को जिम्मेवारी | यस वर्षको आम्दानी | जम्मा | यस बर्षको खर्च | नगद मौज्दात |
|---|---|---|---|---|
| २१७३६.७८ | ३१३८२१९.७१ | ३१५९९५६.४९ | २४३०४४५.९० | ७२९५१०.५९ |

| | | |
|---|---|---|
| | **लेखापरीक्षणबाट कायम भएका व्यहोराहरु:** | |
| **३५.२.** | **पेश्की बाँकी :** आर्थिक प्रशासन नियमावली २०६४ को नियम ७८ मा अनुसार आर्थिक वर्षभित्र फछ्र्यौट गर्ने गरी कसैलाई पेश्की उपलव्ध गराउन सकिने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष देहाय बमोजिम विभिन्न कार्यको लागि जम्मा रु. पेश्की उपलव्ध गराएकोमा लेखापरीक्षण अवधिसम्म | १७९००७ |

| | | |
|---|---|---|
| | फछ्र्यौट गरेको देखिएन । तोकिएको अवधिभित्रै पेश्की फछ्र्यौट गर्नु गराउनु पर्छ । | |

| सि. नं. | पेश्की लिने | रकम रु. |
|---|---|---|
| १ | कैलास मिया | २२०००.०० |
| २ | वृजमोहन चौधरी | १०६३७.०० |
| | चैनी देवी | २६०००.०० |
| | गगिया देवी | २६०००.०० |
| | महेन्द्र पासवान | ५६०००.०० |
| | फूल महमद मिया | १९७८८.०० |
| | दशरथ रावत | ९५८२.०० |
| | तारा चन्द्र प्रसाद साह | ९०००.०० |
| | **जम्मा** | **१७९००७.००** |

**३५.३. गाउँविकास समितिको कार्यालय गादी**

| आय व्यय विवरण | | | | |
|---|---|---|---|---|
| गत आ.व को जिम्मेवारी | यस वर्षको आम्दानी | जम्मा | यस बर्षको खर्च | नगद मौज्दात |
| ०.२८ | ३१८५३८०.०२ | ३१८५३८०.०२ | २६९४३२२.०२ | ५११०८६.२८ |

**३६** **बेरुजू -** पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु. ४ लाख ७३ हजार, अनियमित बेरुजू रु. २ लाख ९१ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु. २० लाख २८ हजार र पेश्की बाँकी देखिएको रु. ४० लाख ४२ हजार समेत रु. ६८ लाख ३४ हजार बेरूजु कायम भएको छ । प्रतिक्रियाबाट बेरूजु फछ्र्यौट भएको छैन ।

**३७** **अनुगमन तथा मुल्यांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले वेरुजु फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार गत वर्षको वेरुजु निम्नानुसार देखिएको छ ।

| गत वर्षको बेरुजु रकम रु | यो वर्ष फछ्र्यौट | बाँकी |
|---|---|---|
| ५०९६३०००.०० | २७४६५४६५ | २३४९७५३५ |

**३८** **अद्यावधिक बेरुजु स्थिति :**यस गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी रु | यो वर्ष सं.प.बाट कायम बेरुजु | यो वर्ष कायम बेरुजु | बाँकी |
|---|---|---|---|
| २३४९७५३५ | ८०१२८८ | ६०३२३५१ | **३०३३११७४** |

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनुपर्दछ ।

अनुसूचीः १

# पटेर्वा सुगौलीगाऊँपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७४।७५

(रु.हजारमा)

| जिल्ला | स्थानीयतहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुलगनुंपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | | कुलजम्मा |
| | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमितभएको | प्रमाण कागजातपेशनभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा | |
| पर्सा | पटेर्वा सुगौलीगाऊँपालिका | १८ | १९ | ६८३४ | ० | ० | ० | १८ | १९ | ६८३४ | ४७३ | २९१ | २०२८ | - | - | २७९२ | ४०४२ | ० | ४०४२ | ६८३४ |

अनुसूची- २

# सञ्चित कोष विवरण

## २०७४।७५

(रु.हजारमा)

| स्थानीयतह | जिल्ला | आय | | | | जम्माआय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गतवर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथाअन्य बजेट अनुदान | अन्यआय | | चालु खर्च | पूँजीगतखर्च | अन्यखर्च | जम्माखर्च | |
| | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| पटेर्वा सुगौलीगाऊँपालिका | पर्सा | ५४५८ | १५१५३६ | १०२९७४ | २०४१ | २५६५५१ | १२३१२६ | ७२४४४ | ० | १९५५७० | ६६४३९ |